# अपाङ्गता भएका बिद्‌यार्थीहरुको लागि शिक्षा सम्बन्धि बिध्यमान कानुनि व्यवस्था

# निशुल्क शिक्षा

नेपालको संबिधान धारा ३१ को उपधारा (३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

उपधारा (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

# निशुल्क शिक्षा

## २०६० साल कातिक २८ गते को सर्बोच्च अदालत को फैसला

अन्धा, अपाङ्ग, बहिरा तथा सुस्तमनस्थिति भएका व्यक्तिहरुलाई नेपाल अधीराज्य भरका सम्पूर्ण सार्बजनिक बिद्यालय बिस्व बिद्यालय र तालिम केन्द्रहरुमा निशुल्क भर्ना गरि निजहरुबाट भर्ना भए पछी कुनै पनि सेवा शुल्क नलिनु लिन नलगाउनु भनि विपक्षीको नाउमा निर्देसनात्मक आदेश जारि हुने ठहर्छ।

# निशुल्क शिक्षा

## अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि एन २०७४ दफा

२१. निःशुल्क शिक्षा उपलब्ध गराउने (१) अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालित वा नेपाल सरकारबाट अनुदान प्राप्त शैक्षिक संस्थाद्वारा निःशुल्क रुपमा उच्च शिक्षा उपलब्ध गराइनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराउनेछ ।

(३) अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्थामा भर्ना हुँदा कुनै प्रकारको शुल्क लिन पाइने छैन ।

# अपाङ्गता छात्रवृत्ति

१. आवाशीय क्षात्रवृत्ति : ( डेरामा बस्ने वा बिध्यालयको आवासमा बस्ने अपाङ्गता भएका बिद्यार्थीहरुको लागि महिनाको ४००० ले १० महिनाको ४०,००० )

२. सहयोगी सहायता सेवा छात्रवृत्ति: घर बाट बिद्यालय सम्म आउन जान निरन्तर अरुको सहयोग चाहिने अपाङ्गता भएका बिद्यार्थीहरुको लागि ( महिनाको ५०० को दर ले १० महिनाको ५००० )

३. यातायात सेवा छात्रवृत्ति : घर बाट बिद्यालय जादा आउदा यातायातको साधन वा अन्य उपकरण प्रयोग गर्नु पर्ने अपाङ्गता भएका बिद्यार्थीहरुको लागि ( महिनाको ३०० को दर ले १० महिनाको ३००० )

४. शैक्षिक सामाग्री छात्रवृत्ति: घरबाट आफै आउन जान सक्ने सामान्य अपाङ्गता भएका बिद्यार्थीहरुको लागि ( महिनाको १ ०० को दर ले १० महिनाको १ ००० )

# परिक्षामा समय अतिरिक्त थप को व्यवस्था

शिक्षा नियमावली २०५९ को परिच्छेद ८ को नियम ४७

१. **थप समय उपलब्ध गराउन सक्ने:** अन्धा, बहिरा, सुस्त मनस्थिति भएका वा शारिरीक कारणले अपाङ्गता विद्यार्थीलाई अपाङ्गताको प्रकृति हेर्दा निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा बढीमा एक घन्टासम्म थप समय उपलव्ध गराउन सकिनेछ ।

२. **अशक्त विद्‍यार्थीको लागि परीक्षामा विशेष व्यवस्था गर्न सकिने :** (१) अन्धा, वहिरा, लाटा, अपाङ्‍गता वा सुस्त मनस्थिति भएका विद्‍यार्थीका लागि निजले बुझ्ने सांकेतिक भाषामा परीक्षा दिने व्‍यवस्था गर्न सकिनेछ ।

**(२) उपनियम (१)** बमोजिमका विद्‍यार्थीले निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा केन्द्राध्यक्षले बढीमा एक घण्टा तीस मिनेटसम्म थप समय उपलब्ध गराउन सक्नेछ ।

# निशुल्क शिक्षा

नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर

**सूचना**

अन्धा, अपाङ्ग, बहिरा, तथा सुस्त मनस्थिति भएका व्यक्तिहरुलाई नेपाल अधिराज्य भरिका सम्पूर्ण सार्वजनिक विद्यालयमा निःशुल्क भर्ना गरी गराई भर्ना भएपछि निजहरुबाट कुनै किसिमको सेवा शुल्क नलिनु/लिन नलगाउनु भन्ने सम्मानित सर्वोच्च अदालतको २०६०/७/२८को निर्देशनात्मक आदेशका विषयमा प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको कानून तथा फैसला कार्यान्वयन महाशाखाको पत्र संख्या ८१-२०७५/७६, च.नं. २७६३, मिति २०७५/६/१४ को फैसला कार्यान्वयन सम्बन्धी प्राप्त पत्रका सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्ड अन्तरगतका विद्यालय/क्याम्पसहरुमा नियमानुसार भर्ना हुन योग्यता पुगेका अन्धा, अपाङ्ग, बहिरा, तथा सुस्त मनस्थिति भएका व्यक्तिहरुले आफु अपाङ्ग भएको नियमानुसार आधिकारीक प्रमाण पेश गरेमा रजिष्ट्रेशन शुल्क, परीक्षा आवेदन शुल्क, शैक्षिक योग्यताका प्रमाणपत्र बापतको शुल्कहरु निःशुल्क गर्ने र सो बापत लाग्ने रकम नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग माग गर्ने भनि २०७५/८/१२ को बोर्ड बैठकबाट निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।